नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४ संख्याः ८१ मितिः २०८२।१२।१६ गते**

**भाग – २**

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

कार्यपालिकामा पेश मितिः २०८२।०३।२० गते
कार्यपालिकाबाट पारित मितिः २०८२।०३।२० गते
प्रमाणिकरण मितिः २०८२।०३।२० गते
राजपत्रमा प्रकाशित मितिः २०८२।१२।१६ गते

प्रस्तावनाः नेपालको संविधान, राष्ट्रिय कानून र बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतले गरेको व्यवस्था बमोजिम बालबालिका विरूद्ध हिसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारवाही गर्नको लागि बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी नौगाड गाउँ कार्यपालिकाले देहायका मापदण्डहरु बनाएको छ ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी मापदण्डहरूको नाम "नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२" रहेकोछ ।

(२) यो मापदण्ड गाउँपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) “अनुसन्धान" भन्नाले अधिकार प्राप्त निकायले गर्ने जाँचवुझ सम्बन्धी समग्र कार्य प्रक्रिया सम्झनु पर्छ ।

(ख) "उजूरी" भन्नाले बालबालिका विरूद्धको हिंसा वा वाल यौन दुर्व्यवहार सम्बन्धी घटनाबारे सम्बन्धित निकायमा लिखित वा मौखिकरूपमा जानकारी दिने कार्य सम्झनु पर्छ ।

(ग) “उजूरीकर्ता" भन्नाले बालबालिका विरूद्धको हिंसा वा वाल यौन दुर्व्यवहार सम्बन्धी घटनाबारे सम्बन्धित निकायमा उजूरी दिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "जाँचवुझ" भन्नाले बालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी उजूरी परेपछि गाउँपालिकाले तोकेको विज्ञ, पदाधिकारी, कर्मचारी वा शाखावाट उक्त घटना सम्बन्धी सूचना एवम् प्रमाण सङ्कलन गरी प्राप्त निष्कर्षको आधारमा निर्णय गर्ने प्रक्रियालाई सहयोग गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) “पदाधिकारी" भन्नाले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यापलिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले गाउँसभाका सदस्य समेतलाई जनाउँछ ।

(च) " बाल अधिकार समिति" भन्नाले वालवालिकासम्बन्धी ऐन, २०७५ को दफा ५९ को उपदफा २ वमोजिम रहेको स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(छ) "पीडित” भन्नाले बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी घटनाबाट पीडित वा प्रभावित बालबालिका सम्झनु पर्छ ।

(ज) "पुनःस्थापना" भन्नाले बालवालिका विरूद्ध हिसा वा वाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई सुरक्षित बसोवास, आवश्यक सेवाको प्रबन्ध मनोसामाजिक उपचार तथा सक्षम वातावरण



नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

उपलब्ध गराई निजको आत्म-सम्मान, मर्यादा र सामाजिक हैसियत पुनर्प्राप्ति गर्दै परिवार र समुदायमा पुनर्मिलन तथा एकीकरण वा घुलमिल हुन सघाउने बहु आयामिक कार्य सम्झनु पर्छ ।

(झ) "बालवालिकाको खोजतलास सेवा" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८९ बमोजिमको सेवा सम्झनु पर्छ ।

(ञ) "बालवालिका विरूद्ध हिंसा" भन्नाले वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र अन्य प्रचलित कानून बमोजिमको हिंसाको कार्य सम्झनु पर्छ र सो शब्दले यस्तो प्रकारको हिंसाको जोखिममा रहेका बालबालिका समेतलाई जनाउँछ ।

(ट) "वाल यौन दुर्व्यवहार" भन्नाले बालवालिका सम्वन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) र अन्य प्रचलित कानून बमोजिमको दुर्व्यवहारको कार्य सम्झनु पर्छ र सो शब्दले यस्तो प्रकारको दुर्व्यवहारको जोखिममा रहेका बालबालिका समेतलाई जनाउँछ ।

(ठ) "वाल हेल्पलाइन सेवा" भन्नाले बालवालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९० बमोजिमको सेवा सम्झनु पर्छ ।

(ड) "सम्बन्धित व्यक्ति" भन्नाले गाउँपालिकाले छोटो वा लामो समयका लागि वा कुनै कार्यक्रम वा परियोजना अवधिभरका लागि सम्झौता गरी करारमा नियुक्त गरेका कर्मचारी, परामर्शदाता, स्वयम् सेवक, इन्टर्न तथा सोधकर्ता, ठेकेदार, सेवा प्रदायक, आपूर्तिकर्ता, अनुसन्धानकर्ता, तालीम सहजकर्ता, अनुगमन/मूल्याङ्कनकर्ता, आगन्तुक लगायतका व्यक्ति सम्झनु पर्छ ।

(ढ) "समिति" भन्नाले दफा ९ को उपदफा (१) बमोजिमको वाल संरक्षण मापदण्ड कार्यान्वयन समिति सम्झनु पर्छ र सो शब्दले दफा ९ कै उपदफा (३) बमोजिमको बाल संरक्षण मापदण्ड विशेष कार्यान्वयन समितिलाई समेत जनाउँछ ।

(ण) "साझेदार" भन्नाले गाउँपालिका सँग कुनै कार्यक्रम, परियोजना, अभियानमा साझेदारी गर्ने निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार, सामुदायिक संगठन, सञ्जाल, विद्यालय लगायत सम्झनु पर्छ ।

(त) "साक्षी वा प्रत्यक्षदर्शी" भन्नाले वालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी घटना देखेको, सुनेको तथा त्यस्तो घटनाबारे पूरा वा आंशिक जानकारी दिनसक्ने व्यक्ति सम्झनु पर्छ ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२



प्रमुख प्रशासकीय अधिकृत

थ) "न्यायिक निकाय" भन्नाले प्रचलित कानून बमोजिम न्याय सम्पादनका लागि स्थापित निकाय सम्झनु पर्छ र सो शब्दले अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने र न्याय निरूपण गर्ने न्यायिक तथा अर्ध-न्यायिक निकायलाई समेत जनाउँछ ।

(द) "संरक्षक" भन्नाले बालबालिकाको वैकल्पिक हेरचाह सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

३. उद्देश्य : यस मापदण्डका उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) वालवालिका विरूद्ध हिंसा वा वाल यौन दुर्व्यवहारको जोखिम पहिचान तथा रोकथाम गर्नु,

(ख) वालबालिका विरूद्ध हिंसा वा वाल यौन दुर्व्यवहारको उजूरी तथा तत्काल कारबाहीको लागि प्रभावकारी संस्थागत संयन्त्र बनाउनु,

(ग) वालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिवाट पीडित वा प्रभावित वालवालिकाको संरक्षण गर्ने गराउनु,

(घ) परिषद्को संस्थागत तहमा बाल संरक्षण सुनिश्चित गर्नका लागि कार्य एवम् प्रक्रिया अवलम्बन गर्नु,

(ङ) अन्य निकाय तथा संस्थाको लागि ऐनको दफा ५७ बमोजिमको वाल संरक्षण मापदण्ड बनाई लागू गर्न नमूनाको रुपमा मार्गदर्शन गर्नु ।

४. सिद्धान्त : बालवालिका विरूद्ध हिसा वा बाल यौन दुर्व्यवहारको रोकथाम तथा तत्काल कारबाही गर्दा देहायका सिद्धान्तहरु अवलम्बन गरिनेछन्ः-

(क) वालबालिकाको सर्वोत्तम हितः बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथामको कार्य गर्दा, उजूरी लिंदा, तत्काल कारवाही गर्दा र वालवालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवं पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने.

५. (ख) भेदभावरहितताः बाल संरक्षण कार्य गर्दा कुनै वालवालिकालाई निज, निजको परिवारको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कार, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने,

(ग) शून्य सहनशीलताः कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिसा, बाल यौन दुर्व्यवहार तथा शोषण लगायतका हानि विरूद्ध शून्य सहनशीलताको सिद्धान्त अनुरूप कारवाही गर्ने,

(घ) गोपनीयताको हकः बालवालिका विरूद्ध हिंसा वा वाल यौन दुर्व्यवहारको उजूरी लिँदा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्ने,

(ङ) बालवालिकाको विचार र भावनाको कदरः बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानि विरूद्ध बाल संरक्षण कार्य गर्दा पीडित वा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिने र व्यक्त विचारको निजको बढ्दो उमेर एवम् परिपक्वता अनुरूप उचित कदर गर्ने,

(च) आधारभूत सेवाको प्रत्याभूतिः बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित वालवालिकालाई उद्धार, संरक्षण एवम् पुनःस्थापना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोवास, मनोविमर्श, कानूनी सेवा लगायत आधारभूत सेवाको प्रत्याभूति गर्ने,

(छ) वालमैत्री व्यवहारः बालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिवाट पीडित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका वाल संरक्षण कार्य गर्दा उनीहरूसँग बालमैत्री व्यवहार गर्ने,

(ज) सम्वन्धित क्षेत्रसँगको समन्वय र सहकार्यः वालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम, तत्काल कारवाही र पीडित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा राज्यका निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।

मापदण्ड लागू हुने : यो मापदण्ड देहाय बमोजिमका व्यक्ति, संस्था तथा निकायको हकमा लागू हुनेछः-

(क) गाउँपालिकाका पदाधिकारी,

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२


प्रमुख प्रशासकीय अधिकृत

(ख) गाउँपालिकाले गठन गरेका समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी, सदस्य तथा मनोनय वा नियुक्त गरेका बाल अधिकार विज्ञ/विशेषज्ञ,

(ग) गाउँपालिका मातहत कार्यरत कर्मचारी,

(घ) गाउँपालिका सम्बद्ध व्यक्ति,

(ङ) गाउँपालिका सम्वद्ध तथा समन्वय, सहयोग, सहजीकरण, सहकार्य र साझेदारीमा आबद्ध सरकारी तथा गैरसरकारी निकाय तथा संघ, संस्था र सञ्जाल, विकास साझेदार, परिषदबाट सेवा सञ्चालन अनुमति प्राप्त वा परिषदमा सूचीकृत सेवा प्रदायक संस्था, केन्द्र तथा बाल गृहका पदाधिकारी, सदस्य तथा कर्मचारी ।

परिच्छेद - ३

बालबालिकासँग गर्न नहुने कार्य, जोखिमको लेखाजोखा र बाल संरक्षण सुनिश्चित गर्ने उपाय

६. बालबालिकासँग गर्न नहुने कार्य (१) यस मापदण्डको दफा ५ बमोजिमका परिषद्सँग सम्बन्धित व्यक्ति, निकाय तथा संस्थाले बालबालिकासँग देहायव मोजिमका कार्य तथा व्यवहार गर्न, गराउन हुँदैनः-

(क) भेदभाव गर्न नहुनेः बालबालिकाको उमेर, वर्ग, जात, जातियता, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, रंग, शारीरिक, मानसिक तथा आर्थिक अवस्थाको आधारमा भेदभावजन्य हुने वोली, व्यवहार, कार्य एवं गतिविधि गर्न गराउन,

स्पष्टीकरणः पीछडिएका, सीमान्तकृत समूह, बहीष्करणमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्थामा सुधार गर्न गरिएका सकारात्मक एवम् विशिष्ट उद्देश्यका आयोजना, परियोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुलाई भेदभाव मानिने छैन ।

(ख) निन्दा गर्न तथा कलंकित पार्न नहुनेः (१) बालवालिकालाई दोषारोपण गर्न, होच्याउन, निन्दा गर्न, कलंकित गर्न वा अपहेलित तुल्याउन, कमजोर ठान्न तथा लाञ्छना लगाउन,

(२) सामाजिक सञ्जाल, आमसञ्चारका माध्यम, वेवसाइट, लिखत तथा दस्तावेजमा बालबालिकाको व्यक्तिगत परिचय खुल्ने गरी रेखाचित्र, तस्वीर, श्रव्यदृश्य सामग्री सम्प्रेषण गरी निज तथा निजको परिवारलाई जोखिममा पार्न तथा लज्जित एवम् कलंकित बनाउन,

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(ग) वालवालिका विरूद्ध हिंसा गर्न नहुनेः बालबालिका विरूद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक हिंसा गर्न र त्यस्तो हिंसाका लागि दुरुत्साहन गर्ने एवम् उत्तेजित पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन,

(घ) दुर्व्यवहार गर्न नहुनेः (१) वालवालिका तथा निजको परिवारको आत्म सम्मान,

मर्यादा र सामाजिक हैसियतमा नकारात्मक असर पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन,

(२) बालबालिकालाई शारीरिक चोट पटक वा असर पु¥याउन, आतङ्कित पार्न वा धम्क्याउन, तिरस्कार, उपेक्षा, वहिष्कार वा घृणा गर्न, एक्ल्याउन वा मानसिक पीडा दिन,

(३) बालवालिकासँग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्न,

(४) बालवालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख वा यौन सम्पर्क गर्न,

(ङ) शोषण गर्न नहुनेः (१) बालवालिकालाई प्रचलित कानून विपरीत बाल श्रममा लगाउन र निजको क्षमताभन्दा वढी काम लगाउन,

(२) आर्थिक लाभ लिने उद्देश्यले बालबालिकाको रचना, कलाकृति, प्रतिभाको दुरूपयोग गर्न, गराउन,

(३) बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियोको दुरूपयोग गरी निजको शोषण गर्न, गराउन,

(४) आर्थिक प्रलोभन देखाइ बालबालिकालाई अनुसन्धान प्रक्रियामा गणकको रूपमा प्रयोग गर्न र आर्थिक लाभ लिइ निजको घटना विवरण कसैलाई दिन वा प्रकाशन गर्न, गराउन,

(५) नाफा कमाउने उद्देश्यले बालबालिकालाई कुनै विशेष उत्पादन खपत गर्न, वाध्य पार्न.

स्पष्टीकरण : यसले कुनै कार्यक्रम विशेषमा वालवालिका तथा निजको परिवारलाई रसद तथा सामग्री प्रदान गर्न वाधा पु¥याएको मानिने छैन ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हीपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(च) थप जोखिममा पार्न, हानि पुऱ्याउन तथा पुनःपीडित बनाउन नहुनेः बालबालिकालाई थप जोखिममा पार्न, हिंसा, दुर्व्यवहार तथा शोषण लगायतका निमा पार्न तथा पुनःपीडित हुनसक्ने अवस्था, क्रियाकलाप, गतिविधि एवम् कार्य गर्न, गराउन,

(छ) वेवास्ता गर्न नहुनेः (१) बालवालिकालाई वेवास्ता गरी निजलाई जोखिममा पर्न दिन तथा पीडित हुन दिन,

(२) वालवालिका वेवास्तामा परेको, जोखिममा रहको तथा पीडित हुनसक्ने अवस्थाबारे जानकारी पाउनेले सम्वन्धित निकायमा तुरून्त खवर नगरी त्यसै वस्न,

(ज) अलग गर्न वा वञ्चितीकरण गर्न नहुनेः (१) वालवालिकालाई निजको सर्वोत्तम हितको लागि प्रचलित कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले बाहेक निजको परिवार, समुदाय तथा निजका दाजुभाइ दिदीबहिनीबाट अलग गर्न, गराउन,

(२) बालवालिकालाई खाना, लुगाकपडा, सुरक्षित आवास, शिक्षा, स्वास्थ्य, पोषण, सरसफाइ, प्राथमिक उपचार सेवा तथा न्यायमा पहुँच बनाउन तथा त्यसबारे जानकारी पाउनबाट बञ्चित गर्न, गराउन,

(३) बालवालिकालाई पारिवारसँग सम्पर्क राख, सहभागी हुन, फूर्सतको समयमा उमेरअनुसार खेल्न तथा मनोरञ्जनबाट बञ्चित गर्न, गराउन,

(झ) गैरकानूनी कार्य गर्न नहुनेः (१) वालवालिका सम्बन्धी प्रचलित राष्ट्रिय कानून, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिले वर्जित गरेका, समुदायको परम्परागत मूल्य-मान्यताले स्वीकार नगर्ने बोली, व्यवहार तथा कार्य गर्न, गराउन,

(२) बालवालिकालाई कसूरजन्य कार्य गर्न सिकाउन, तालीम दिन वा त्यस्तो कार्यमा लगाउन,

(३) वालवालिकालाई धूमपान, मद्यपान, वा जुवा तास जस्ता कूलतका संलग्न गराउन,

(४) प्रचलित कानून एवम् सामाजिक मूल्य-मान्यताविरूद्ध लाग्न, द्वन्द्वमा समावेश हुन, हातहतियार एवम् कानूनले निषेध गरेका मालसामान ओसारपसार गर्न वालवालिकालाई दुरुत्साहन गर्ने खालका व्यवहार गर्न र त्यस्तो सूचना प्रवाह गर्न, गराउन ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(२) यस मापदण्डको दफा ५ मा उल्लिखित परिषद्का पदाधिकारी, कर्मचारी, परिषद्सँग सम्बन्धित व्यक्ति, निकाय तथा संस्थाले उपदफा (१) को व्यवस्थाका साथै यस मापदण्डको अनुसूची- १ बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

(३) यस मापदण्डको दफा ५ मा उल्लिखित परिषद्सँग सम्वन्धित व्यक्ति, निकाय तथा संस्थाले उपदफा (२) बमोजिम अनुसूची १ को आचारसंहिता पढीबुझी सहिछाप गरी परिषद्लाई बुझाउनु पर्नेछ र त्यसलाई परिषदको अभिलेखमा दुरुस्त राखु पर्नेछ ।

७. जोखिम लेखाजोखा तथा संरक्षणका उपाय अपनाउनु पर्नेः (१) परिषद्का सबै शाखा तथा एकाइहरूले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा बालबालिकाको संरक्षण सुनिश्चित गर्न देहायबमोजिमका उपाय अपनाउनु पर्नेछः-

(क) बालवालिका सहभागी हुने कार्यक्रम सञ्चालन हुने स्थान तथा समय बाल संरक्षण तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन सोको लेखाजोखा गर्नु पर्छ,

(ख) वालवालिका सहभागी हुने कार्यक्रम स्थलमा आपत्कालीन सेवा, प्राथमिक उपचार लगायतका सेवा, सुविधा उपलब्ध भए नभएको यकीन गर्नु पर्छ,

(ग) वालवालिकालाई आफूले वसोवास गरिरहेको थातथलोभन्दा अन्यत्र लामो दूरीको यात्रा गरी कार्यक्रममा सहभागी गराउँदा सामूहिक दुर्घटना बीमा गर्नु पर्छ,

(घ) बालवालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा सकभर समान लिङ्गीय वयस्क संरक्षकको व्यवस्था मिलाउनु पर्छ,

(ङ) वालवालिकालाई आफ्नो जिल्लाभन्दा वाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा निज र निजका आमाबाबु, अभिभावक वा परिवारका अन्य सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्छ,

(च) कार्यक्रम अवधिभर बालबालिकाको आत्म-सम्मान, मर्यादा, शारीरिक, सामाजिक, साँस्कृतिक, भावनात्मक, मनोवैज्ञानिक, धार्मिक आस्थामा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्नु, गराउनु हुँदैन,

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

(२) जोखिमको लेखाजोखा तथा सुरक्षा जाँचको क्रममा बालबालिका विरूद्ध कुनै जोखिमको पहिचान भएमा न्यूनीकरणको उपायका साथ सम्बन्धित पदाधिकारी, कर्मचारी तथा शाखामा तुरून्त जानकारी गराउनु पर्छ ।

(३) परिषद्को कुनै पनि शाखावाट वालवालिका सम्बन्धी कुनै कार्यक्रम कार्यान्वयनका क्रममा जोखिम लेखाजोखा तथा सुरक्षा जाँचका विधिको प्रयोग नगरेको पाइएमा त्यसलाई यस मापदण्ड बमोजिम वेवास्ता वा अवज्ञा मानिनेछ र सो कार्य संस्थागत अनुशासनको दायराभित्र राखे जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ ।

८. बालबालिकाको गोपनीयता कायम गर्नु पर्ने (१) परिषद्का सबै शाखा तथा एकाइहरूले

तोकिएका कार्य सम्पादन गर्दा गराउँदा एवम् यस मापदण्डको दफा ५ मा उल्लिखित परिषद्सँग सम्बन्धित व्यक्ति, संस्था तथा निकायले बालबालिकासँग काम गर्दा उनीहरूको गोपनीयता कायम गर्न देहाय वमोजिम गर्नु पर्नेछः-

(क) बालबालिकालाई ग्लानी हुने, लाज हुने तथा अप्ठ्यारो महशुस हुने खालका व्यक्तिगत विवरण, कथा, तस्वीर, भिडियो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य कुनै सूचना जानकारी सङ्कलन गर्दा निज र निजका बाबुआमा, अभिभावक वा परिवारका अन्य वयस्क सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिइ सुसूचित सहमति लिनु पर्नेछ,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी प्रचलित कानून बमोजिम गोप्य राख्खु पर्नेछ र सार्वजनिक गर्नु गराउनु हुँदैन,

(ग) एउटा प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी अन्य प्रयोजनका लागि कदापि प्रयोग गर्नु हुँदैन,

(घ) वालवालिकालाई थप जोखिम तथा हानि हुनेगरी कुनै पनि सूचना जानकारी वताउन वा सार्वजनिक गर्न दबाब दिने, प्रलोभनमा पार्ने, शक्ति प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुरुत्साहित गर्ने कार्य गर्नु गराउनु हुँदैन ।



प्रमुख प्रशासकीय अधिकृत

(२) प्रचलित कानून बमोजिम उजूरी सुनुवाई, जाँचबुझ, अभियोजन अनुसन्धान तथा मुद्धा चलाउने लगायतको उजूरी सम्बन्धी सम्पूर्ण प्रक्रियामा पीडित, साक्षी, प्रत्यक्षदर्शी तथा उनीहरूको परिवार एवम् कसूरको आरोप लागेका बालबालिकाको समेत गोपनीयताको सम्मान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गोपनीयता कायम गर्द देहायका कार्य गर्नु पर्नेछः-

(क) गोपनीयता कायम गर्नका लागि घटनालाई सांकेतिक कोड प्रयोग गर्ने जस्तै xxx घटनाको पीडित, xxx घटनाको आरोपी,

(ख) न्यायिक निकायबाट अन्तिम निर्णय नभएसम्म घटनाको बारेमा सञ्चार माध्यम तथा अन्य व्यक्तिलाई जानकारी दिनु हुँदैन,

(ग) न्यायिक निकायबाट अन्तिम निर्णय प्राप्त भएपछि समेत पीडितको पहिचान खुल्ने व्यक्तिगत विवरण लिखित तथा मौखिक रूपमा सार्वजनिक गर्नु हुँदैन,

(घ) उजूरी सुनुवाइको प्रक्रियामा उजूरीकर्ता, अनुसन्धानकर्ता, साक्षी/प्रत्यक्षदर्शी तथा न्याय निरुपणमा संलग्न अधिकारी लगायतले आफूलाई थाहा भएको वालवालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत विवरण गोप्य राखु पर्नेछ,

(ङ) पीडित बालबालिका तथा निजको परिवारलाई सेवा, सुविधा प्रदान गर्दा तथा बालबालिकाको पुनर्मिलन, पुनर्रकीकरण, पुनःस्थापना गर्दा, गराउँदा पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण गोप्य राख्खु पर्नेछ,

(च) वालवालिकाको सुरक्षा र बाल संरक्षणवारे सचेतना अभिवृद्धि गर्न तथा उजूरी गर्न प्रेरित गर्ने उद्देश्यले बालबालिका विरूद्धको हिसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिका घटनाबारे वालबालिकाको उमेर र लिङ्ग मात्र खुलाएर जानकारी दिनु पर्नेछ,

(छ) माथि खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि वालवालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण भने सार्वजनिक गर्न गराउन हुँदैन,

(ज) पीडित वालवालिकालाई शिक्षा, स्वास्थ्य, कानूनी सहयोग/परामर्श, मनोसामाजिक सहयोग, जीवनोपयोगी सीपका लागि र निजको परिवारलाई अत्यावश्यक सेवाको प्रबन्ध गर्दा तथा सोका लागि सिफारिस गर्दा घटनाबारे आवश्यक मात्र जानकारी दिनु पर्नेछ,

(झ) माथि खण्ड (ज) बमोजिम आफूलाई प्राप्त बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको सूचना जानकारीको गोपनीयता कायम गर्न सेवा प्रदायक निकाय तथा संस्थालाई सिफारिस पत्रमा नै उल्लेख गर्नु पर्नेछ,

(ञ) माथि माथि खण्ड (ज) बमोजिमका वालवालिका सेवाका लागि सिफारिस गर्दा "अत्यन्त जोखिममा रहेको र पहिचान गोप्य राखुपर्ने" भनी उल्लेख गर्नु पर्नेछ ।

परिच्छेद - ४

बालबालिका विरूद्ध हिंसा र बाल यौन दुर्व्यवहारको उजूरी तथा तत्काल कारबाही प्रक्रिया

९. बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति गठन गर्नु पर्ने :

(१) परिषद् तथा परिषद् संलग्न

र सम्बद्ध कार्यस्थल, स्थान तथा क्षेत्र र कार्यक्रममा वालवालिका विरुद्धको हिसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, वालबालिकाको संरक्षण सुनिश्चित गर्न, उजूरीको तत्काल छानबिन एवम् कारबाही गर्न गराउन परिषदमा देहायको एक वाल संरक्षण मापदण्ड कार्यान्वयन समिति रहनेछः-

बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति

(क) परिषद्को सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकारी) - संयोजक

(ख) प्रशासन शाखा प्रमुख/सूचना अधिकारी - सदस्य

(ग) वाल संरक्षण सम्पर्क व्यक्ति / बाल संरक्षण शाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एकजना महिला कर्मचारीको प्रतिनिधित्व भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) मा उल्लिखित वाल संरक्षण मापदण्ड कार्यान्वयन समितिका पदाधिकारी, परिषद् सदस्य र उपाध्यक्ष लगायतका पदाधिकारी बालबालिका विरुद्धको हिसा वा बाल यौन दुर्व्यवहारको कार्यमा संलग्न भएको पाइएमा वा सो सम्बन्धी

सूचना वा जानकारी वा उजूरी परिषदमा परेको खण्डमा परिषद् अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति संयोजक र निजले नै तोकेका अन्य दुई जना सदस्य रहने गरी बाल संरक्षण मापदण्ड विशेष कार्यान्वयन समिति गठन गरी यस मापदण्ड बमोजिकको कारवाही गरेर प्रचलित कानून बमोजिमको कारवाही लागि सम्बन्धित निकायमा यथाशीघ्र सिफारिस गर्नु पर्नेछ ।

१०. बाल संरक्षण मापदण्ड कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार (१) यस मापदण्डमा

अन्यत्र उल्लेख गरिएको अतिरिक्त बाल संरक्षण मापदण्ड कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बाल संरक्षण मापदण्डको कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय, रेखदेख, प्राविधिक सहयोग तथा अनुगमन गर्ने, गराउने,

(ख) यस मापदण्डको दफा ५ बमोजिमका परिषद्सँग सम्बन्धित व्यक्ति, संस्था तथा निकायसँग सम्बद्ध व्यक्तिलाई बाल संरक्षण मापदण्ड सम्बन्धी तालीम अभिमूखीकरण गरी सचेतना एवं क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ग) बाल संरक्षण मापदण्ड बमोजिम वालवालिका तथा अन्य सम्बन्धित व्यक्तिको उजूरी लिने र त्यस्तो उजूरीलाई तत्काल छानविन गरी यथाशीघ्र कारवाही गर्न गराउन आवश्यक प्रक्रिया अगाडि बढाउने,

(घ) माथि बुँदा (ग) बमोजिमको प्रक्रिया अघि बढाउँदा समितिको बैठक बोलाइ निर्णय भए बमोजिमको प्रक्रिया अनुसरण गर्ने, गराउने र सोको गोपनीयता कायम गर्ने गराउने,

(ङ) घटनाको प्रकृति तथा समितिको प्रारम्भिक छानबीनको निष्कर्ष मुताविक आरोपित व्यक्तिसँग स्पष्टीकरण लिने र आन्तरिक कारबाहीका लागि सदस्य-सचिव समक्ष सिफारिस गर्ने,

(च) समितिको प्रारम्भिक छानविनले आएको उजूरी प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिको भएमा सम्बन्धित निकायमा सिफारिस गर्न सदस्य-सचिव समक्ष पेश गर्ने,

(छ) पीडित वालवालिका तथा निजको परिवारलाई आवश्यक सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन सरकारी निकाय, सेवा प्रदायक तथा संस्थासँग समन्वय एवम् सहकार्य गर्ने,

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

(ज) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी वार्षिक रूपमा प्रतिवेदन तयार गरी परिषदमा पेश गर्ने ।

(२) समिति आफ्नो कामको लागि परिषद्धति उत्तरदायी हुनेछ ।

११. बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्नु पर्ने (१) परिषद्को वाल संरक्षण सुनिश्चित समितिको काममा सहयो पुर्याउन र यस मापदण्ड बमोजिम गाउँपालिकाले गर्नुपर्ने कामको पहिलो सम्पर्क व्यक्तिको रूपमा रहने गरी परिषदमा कार्यरत कर्मचारीमध्येबाट कार्यालय प्रमुखले एकजना वाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम वाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्दा महिला कर्मचारीलाई प्राथमिकता दिनु पर्नेछ र बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) ले समितिको सदस्य-सचिवको रूपमा काम गर्नेछ ।

(३) यस मापदण्डमा अन्यत्र उल्लेख भएको अतिरिक्त वाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्को बाल संरक्षण मापदण्ड तथा आचारसंहिता लागू गर्न गराउन समितिलाई सहयोग गर्ने,

(ख) परिषद्को बाल संरक्षण मापदण्डबारे परिषदका कार्यक्रममा सहभागी बालबालिका, साझेदार निकाय तथा सेवा प्रदायक संस्थाका पदाधिकारी एवम् कर्मचारीको सचेतना अभिवृद्धि गर्न गराउन योजना तथा कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने,

(ग) वालवालिकालाई वालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिवारे कुनै सरोकार भएमा वा उजूरी गर्न चाहेमा उजूरी गर्न सहज हुनेगरी सम्बन्धित व्यक्ति, पदाधिकारी, निकाय वा संस्थासँग समन्वय र सहजीकरण गर्ने र सोको जानकारी सदस्य सचिवलाई गर्ने,

(घ) बालबालिकालाई बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबारे आएका उजूरीको अभिलेखीकरण गर्ने र त्यसको तत्काल छानविन तथा कारवाही गर्न समितिका संयोजक समक्ष पेश गर्ने,

(ङ) वालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानि सम्बन्धी र पीडित बालबालिकाको सुरक्षा एवम् संरक्षण गर्न तथा उनीहरू पुनपीडित नहोऊन् भनी संयोजकसँग परामर्श गरी आदेश, निर्देश तथा समितिको निर्णयानुसार आवश्यक व्यवस्था मिलाउन सहजीकरण गर्ने,

(च) बालबालिका विरूद्ध हिसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित बालबालिका र निजको परिवारलाई परिषद् र संयोजकसँग समन्वय गरी तत्काल आवश्यक सेवा, सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन सहजीकरण गर्ने,

(छ) यस मापदण्डको कार्यान्वयनको कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कनमा सहयोग गरी वार्षिक प्रतिवेदन तयार पारी समिति समक्ष बुझाउने ।

१२. उजुरी तथा सञ्चार (१) परिषद्का पदधिकारी, कर्मचारी, परिषद्सँग सम्बन्धित कुनै व्यक्ति, निकाय, संस्था, साझेदारले वालवालिका विरुद्ध हिसा वा बाल यौन दुर्व्यवहार लगायतका कसूर गरेको आशंका भएमा बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) वा बाल संरक्षण शाखामा तुरून्त कुनै पनि माध्यमवाट मौखिक वा लिखित उजूरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त गरेपछि बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) वा शाखाले त्यसलाई रजिस्टरमा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रजिस्टरमा उजूरी वा निवेदन परेको मिति, समय, स्थान, उजूरीकर्ता (व्यक्ति वा संस्था) को विवरण, शंकास्पद वा आरोपित व्यक्ति, पीडित तथा कारवाहीको अवस्था लगायतको जानकारी समावेश गर्नु पर्नेछ ।

(४) उजूरी वा निवेदन लिखित वा मौखिक रूपमा प्राप्त नभएमा बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) वा शाखाले प्रतिकार्य गर्न बाध्य पारिएको मानिने छैन ।

(५) बाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) वा शाखाले उजूरी उपर कुनै कारबाहीको प्रक्रिया अघि नबढाएमा, ढिलासुस्ती गरेमा वा सन्तोषजनक कार्य सम्पादन नगरेमा वा उजूरीकर्तालाई कारबाहीबारे जानकारी नदिएमा उजूरीकर्ताले सिधै सदस्य सचिव समक्ष उजूरी गर्न सक्नेछ ।

१३. उजूरीको तत्काल कारबाहीको प्रक्रिया (१) बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार

सम्बन्धी उजूरी, आरोप तथा पहिचानको तत्काल कारबाही गर्न गराउन परिषद्का पदाधिकारी, कर्मचारी, परिषद्सँग सम्बन्धित व्यक्ति वा निकाय तथा संस्थाले देहाय वमोजिम बाल संरक्षण सम्बन्धी सवाल वा सरोकार सम्बन्धी उजूरीको तत्काल कारवाही गर्नु पर्नेछः

(क) गाउँपालिकाले सञ्चालन गरेका कुनै पनि कार्यक्रमका सहभागी बालवालिका, अभिभावक, शिक्षक, सामुदायका व्यक्ति वा अन्य जो कोहीबाट प्राप्त उजूरी,

ख) परिषद्का पदाधिकारी, कर्मचारी, स्वयम् सेवक, तथा आगन्तुकबाट प्राप्त उजूरी,

(ग) साझेदार संस्था तथा विकास साझेदारबाट प्राप्त उजूरी,

(घ) परियोजना कार्यान्वयन भएको क्षेत्र वा समुदायका बाल संरक्षण सम्बन्धी सवालबारे आमसञ्चार (समाजिक सञ्जाल समेत) का माध्यमबाट प्राप्त सूचना जानकारी,

(२) उजूरीका प्रकार, कारबाहीको जिम्मेवारी तथा कारबाहीका विधिहरूः-

(क) यस मापदण्डको दफा ५ बमोजिमका परिषद्सँग सम्बन्धित व्यक्ति तथा पदाधिकारीका विरूद्ध आएको उजूरीलाई तत्काल कारवाही गर्नु परिषद्को जिम्मेवारी हुनेछ ।

(ख) माथि खण्ड (क) बमोजिमको उजूरीको तत्काल कारवाही गर्दा देहाय बमोजिमको चरण एवम् प्रक्रिया अवलम्बन गरिनेछः-

(१) उजूरी प्राप्त गर्ने र सोको अभिलेखीकरण गर्ने,

(२) उजूरीबारे थप जानकारी लिने (उजूरीकर्तासँग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारवाहीको पहिचान, उजूरीकर्ताको सहमति),

(३) एक हप्ताभित्र आन्तरिक रूपमा समिति वा अधिकारप्राप्त अधिकारी वा निकायवाट आरोपबारे प्रारम्भिक अनुसन्धान गर्ने गराउने,

(४) यदि उजूरीको शङ्का आरोप प्रमाणित हुने प्रमाण तथा आधारहरू फेला परेमा वा प्रचलित कानून बमोजिम

बालवालिका विरूद्धको कसूर ठहरिने प्रकृतिका घटनामा प्रहरी कार्यालयमा कारबाहीको लागि सिफारिस गर्ने,

(५) पीडित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य संरक्षण सहयोग प्रदान गर्ने,

(६) आरोपित व्यक्तिलाई पद तथा जिम्मेवारीबाट निलम्बन गर्ने,

(७) पीडितलाई घरपरिवार वा समुदायबाट अलग गरी सेवा दिनु पर्ने भएमा त्यसको व्यवस्था गर्न सहजीकरण गर्ने र पुनःस्थापना केन्द्रमा पठाउने,

(८) घरपरिवार तथा समुदायमा पुनर्मिलन तथा पुनःस्थापना नहुञ्जेलसम्म पीडित र निजको परिवारको अनुगमन तथा आवश्यक सहयोगका लागि सहजीकरण गर्ने ।

(ग) परिषद्को कार्यक्रम तथा परियोजना कार्यान्वयन भएका विद्यालय, समुदाय, स्थानीय तहमा वालवालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका घटना भएमा सो निकायको वाल संरक्षण मापदण्ड बमोजिम तत्काल कारबाही हुन नसकेर त्यस्ता घटनाको उजूरी आएमा सोको तत्काल कारबाहीका लागि देहाय बमोजिमका चरण एवम् प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(१) परिषदमा उजूरी प्राप्त गर्ने र अभिलेखीकरण गर्ने,

(२) उजूरीबारे थप जानकारी लिने (उजूरीकर्तासँग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारवाहीको पहिचान, उजूरीकर्ताको सहमति),

(३) सम्बन्धित सरकारी निकायमा घटना सिफारिस गर्ने,

(४) सेवा प्रदायक निकाय एवम् वाल संरक्षणको सवालमा काम गर्न चाहने संघ संस्थाबाट आवश्यक सहयोगको खोजी गर्ने र व्यवस्था मिलाउने,

(५) पीडित वालवालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य बाल संरक्षण सहयोगका लागि समन्वय र सहजीकरण गर्ने,

(६) पीडितलाई घर परिवार वा समुदायबाट अलग गरी सेवा दिनु पर्ने भएमा त्यसको व्यवस्था गर्न सहजीकरण गर्ने र पुनःस्थापना केन्द्रमा पठाउन सहजीकरण गर्ने,

(७) परिवार तथा समुदायमा पुनर्मिलन तथा पुनःस्थापना नहुञ्जेलसम्म पीडित र निजको परिवारको अनुगमन तथा आवश्यक सहयोगका लागि सहजीकरण गर्ने, गराउने ।

(३) बालबालिका विरुद्धको कसूरको उजूरीमाथि भएको कारवाहीको प्रतिवेदन वाल संरक्षण सम्पर्क व्यक्ति (फोकल पर्सन) वा शाखाले परिषद्लाई प्रत्येक छ, छ महिनामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ५

## विविध

१४. बाल संरक्षण कार्यका लागि आर्थिक व्यवस्थापन (१) गाउँपालिकाले कार्यान्वयन गर्ने हरेक कार्यक्रम तथा परियोजनामा आपत्कालीन, मानवीय तथा बाल संरक्षण सहयोग कार्यका लागि निश्चित वजेट विनियोजन गर्न वा सोको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम बाल संरक्षण जोखिम न्यूनीकरण गर्न, वालवालिका सहभागी हुने कार्यक्रममा सामूहिक वीमा (दुर्घटना, मृत्यु, घाइते, बलात्कार, दुर्व्यवहार) गर्न, पीडितलाई तत्काल संरक्षण सहयोग प्रदान गर्न, स्वास्थ्य, कानूनी सहयोग, पुनर्मिलन, पुनएकीकरण, पुनःस्थापना, मुद्दा चलाउन तथा क्षतिपूर्तिका लागि परिषद्को स्वीकृत कार्यविधि वमोजिम खर्च गर्न सकिनेछ।

१५. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार (१) यस मापदण्डको कुनै व्यवस्थाको थप

व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार परिषद्को हुनेछ ।

(२) यस मापदण्डको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. संशोधन गर्न सक्ने यस मापदण्डलाई आवश्यकतानुसार गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. सबैको कर्तव्य हुने यस मापदण्डको पालना गर्नु यसै मापदण्डको दफा ५ बमोजिमका परिषद्सँग सम्बन्धित व्यक्ति, संस्था तथा निकाय सबैको कर्तव्य हुनेछ ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२



प्रमुख प्रशासकीय अधिकृत

१८. नमूना मापदण्डका रुपमा लागू गर्न सकिने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७वमोजिमको मापदण्ड निर्माण गरी लागू गर्नु पर्ने निकाय तथा संस्थाहरु विशेष गरी विद्यालय, वालवालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय, तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाले यस मापदण्डलाई आफ्नो संस्था तथा निकायको संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गर्ने क्रममा नमूना मापदण्डका रुपमा लिई निर्माण तथा लागू गर्न सक्नेछन् ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची - १

(दफा ६ को उपदफा (२) र (३) सँग सम्बन्धित)

## बाल संरक्षण सुनिश्चितताका लागि पालना गर्नु पर्ने आचारसंहिता

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२ बमोजिमः (क) परिषद्का पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य सचिव, उपसमिति सदस्य, बाल अधिकार विशेषज्ञ), कर्मचारी, स्वयम् सेवक, परामर्शदाता, (ख) परिषद्सँगको समन्वय तथा साझेदारीमा कार्य गर्ने निकाय तथा संस्थाका पदाधिकारी तथा कर्मचारी, (ग) परिषद्सँग सहकार्य गर्ने सेवा प्रदायक निकाय तथा संस्थाको प्रमुख वा पदाधिकारी वा कर्मचारीको रूपमा देहाय बमोजिमको आचारसंहिता पालना गर्न म (व्यक्तिको नाम) बुझाएँ । प्रतिबद्ध भइ प्रस्तुत आचारसंहिता पढी बुझी सहीछाप गरी एकप्रति परिषदमा बुझाँए ।

१. राष्ट्रिय बाल अधिकार परिषदको बाल संरक्षण मापदण्ड, २०८२ र बाल संरक्षण सम्बन्धी प्रचलित कानूनको पालना गर्नेछुः-

१.१ परिषद्को बाल संरक्षण मापदण्ड, २०८२ लगायत बालबालिकाको अधिकार सम्बन्धी नीति, मूल्य मान्यता एवम् सिद्धान्तको पूर्ण पालना गरी मेरो व्यक्तिगत, पारिवारिक तथा पेशागत दायित्व उच्च व्यवसायिकताका साथ सम्पन्न गर्नेछु ।

१.२ प्रचलिल कानून तथा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धिका सिद्धान्त तथा प्रावधान बमोजिम बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, परिपूर्ति र परिपालना गर्नेछु ।

१.३ परिषद्को बाल संरक्षण मापदण्ड, २०८२ वारे सहकर्मी, परिषद् सम्बद्ध कार्यक्रमका सहभागी वयस्क तथा बालवालिकालाई जानकारी दिइ वालवालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारबारे कुनै सरोकार भएमा परिषद् वा नेपाल प्रहरी तथा सम्बन्धित निकायमा उजूरी/रिपोर्ट गर्न प्रोत्साहित गर्नेछु ।

१.४ परिषद्को कार्यक्षेत्र, साझेदार निकाय वा संस्था तथा सेवा प्रदायकका कार्यक्षेत्रमा बालबालिका विरूद्ध हिंसा वा वाल यौन दुर्व्यवहारबारे जानकारी पाएमा वा सोको जोखिम देखिएमा तत्काल नेपाल प्रहरी, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, वाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नम्बर १०९८ (दश, नौ, आठ)), बालवालिकाको खोजतलास सेवा (निःशुल्क टेलिफोन नम्बर १०४),

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

राष्ट्रिय महिला आयोगको लैङ्गिक हिंसा विरुद्धको उजूरी नम्बर ११४५ आदि निःशुल्क नम्बर तथा निकायमा जानकारी दिनेछु ।

१.५ बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरिएको कुनै पनि उजूरी/रिपोर्टलाई गहन रूपमा लिनेछु र उजूरी/रिपोर्ट गर्ने व्यक्तिलाई सहयोग गर्नेछु र परिषद्को छानविन प्रक्रियामा सघाउनेछु ।

१.६ वालवालिकाको अधिकार, हक हित, संरक्षण तथा जोखिम सम्बन्धी विषय खासगरी वालवालिका विरूद्ध हिसा वा बाल यौन दुर्व्यवहार लगायतका हानि र जोखिमबाट पीडित तथा प्रभावित वालवालिकालाई उपलब्ध सेवाबारे आफूलाई थाहा भएको जानकारी बालबालिका, बाबुआमा वा अभिभावक वा संरक्षक वा समुदाय तथा विद्यालयलाई उपलब्ध गराउनेछु, दिनेछु ।

१.७ निकाय तथा संस्था प्रमुखको नाताले संस्थागत तहमा वाल संरक्षण मापदण्ड पालनाका लागि सम्बन्धित सबै पदाधिकारी र कर्मचारीलाई जानकारी गराउनेछु ।

२ बालबालिकासँग काम गर्दा र उनीहरूलाई सहभागी गराउँदा देहायका कार्य गर्नेछुः-

२.१ बालबालिकासँग काम गर्दा उनीहरूमाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (बाल यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि हुन नदिनेगरी र त्यसबाट संरक्षण गर्ने गरी काम गर्नेछु ।

२.२ बालवालिकालाई कुनै कार्यक्रममा सहभागी गराउँदा निज तथा निजका अभिभावकलाई त्यस्तो कार्यक्रमको उद्देश्य, विधि, उपयोगिता, सम्भावित जोखिम र त्यसलाई समाधान गर्न अवलम्बन गरिएको उपायबारे जानकारी गराइ सुसूचित सहमति लिनेछु ।

२.३ बालबालिका सहभागी हुने कार्यक्रमको आयोजना र सञ्चालन गर्दाः (अ) दिनको समयमा, (आ) उज्यालो स्थानमा, (इ) दुर्घटना तथा बालबालिका विरूद्ध हिसा वा बाल यौन दुर्व्यवहारको जोखिम आङ्कलन गरी त्यसलाई रोक्ने व्यवस्था गरिएको यकीन गरेर मात्र सञ्चालन गर्नेछु ।

२.४ बालबालिकासँग व्यक्तिगत प्रकृतिको सूचना लिँदा, घटना विवरण सङ्कलन गर्दा, अन्तर्वार्ता लिँदा, तस्वीर वा भिडियो खिच्दा तथा श्रव्यदृश्य सामग्री बनाउँदा बलवालिका स्वयम् वा निजको बाबुआमा, अभिभावकको सुसूचित तथा लिखित सहमति लिनेछु र त्यसरी सङ्कलित सूचना जानकारी तथा श्रव्यदृश्य सामग्री तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२



प्रमुख प्रशासकीय अधिकृत

२.५ वालवालिकालाई जिल्लाबाहिर लाँदा वा राति बास बस्नुपर्ने गरी कुनै कार्यक्रममा सहभागी गराउँदा निजसँग समान लिङ्गीय वयस्क वा महिला संरक्षकको साथमा यात्रा गर्ने व्यवस्था मिलाउनेछु । बालबालिकाविरूद्ध भेदभाव, हिंसा, दुर्व्यवहार (बाल यौन दुर्व्यवहार समेत), शोषण, बेवास्ता लगायतका हानि कहिल्यै गर्ने छैनः-३

३.१ वालवालिकालाई लिङ्ग, जातजाति, रंग, शारीरिक तथा मानसिक अवस्था, परिवारको आर्थिक हैसियत वा अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन ।

३.२ वालवालिकालाई गालीगलौज गर्ने, होच्याउने, हेप्ने, जिस्क्याउने, कुटपिट गर्ने, शारीरिक तथा मानसिक दुर्व्यवहार गर्ने वा दण्डसजाय दिने काम गर्ने छैन ।

३.३ वालवालिकासँग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्ने छैन ।

३.४ बालवालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राखे वा यौन सम्पर्क गर्ने छैन । बालबालिकाले स्वीकृति दिएको अवस्थामा पनि त्यो दण्डनीय अपराध हो भन्ने कुरामा म पूर्ण जानकार छु ।

३.५ एकाघर परिवार वा नजिकका नातेदार बाहेक परिषदको तर्फवाट आफूले काम गर्न बालबालिकालाई खासगरी राति बास बस्नेगरी आफू बसेको ठाउँमा वा अन्यत्र कहीं लाने काम गर्ने छैन ।

३.६ बालबालिकासँग एउटै कोठा तथा एउटै ओछ्यानमा सँगै सुत्ने छैन ।

३.७ बालबालिकालाई कानूनले निषेध गरेका श्रममा संलग्न गराउने तथा बालश्रम प्रयोग भएको जानीजानी कुनै पनि उत्पादन तथा सेवा प्रयोग गर्ने छैन ।

३.८ मनोविमर्श तथा स्वास्थ्य उपचारको लागि अत्यावश्यक भएकोमा बाहेक एक बालक वा बालिका र वयस्क मात्र भएको अवस्था सिर्जना हुनेगरी बालबालिकासँग काम गर्ने छैन ।

३.९ वालवालिकाको अगाडि कुनै किसिमको लागू पदार्थ, मद्यपान तथा धूमपान गर्ने छैन ।

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२

 प्रमुख प्रशासकीय अधिकृत 

३.१० बालवालिकाले गर्नसक्ने कानून विपरीतका काम, असुरक्षित काम, भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणजन्य हुने काममा प्रोत्साहन गर्ने छैन, आफू त्यसमा सामेल हुने छैन र तिनलाई वेवास्ता गर्ने छैन।

३.११ परिषद् वा आफूले काम गर्ने संस्थाको कम्प्यूटर र अन्य उपकरणहरूमा अश्लील सामग्री हेर्ने, डाउनलोड गर्ने, सङ्ग्रह गर्ने तथा त्यस्ता सामग्री बनाउने वा वितरण गर्ने काम गर्ने छैन ।

३.१२ माथि उल्लिखित बाहेक वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा उल्लिखित गरिएका वालवालिक विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार गरेको मानिने कुनै पनि कार्य गर्ने छैन, जोकसैले यस्तो कार्य गरेको देखेमा वा पाएमा नजिकको प्रहरी कार्यालय र सम्वन्धित बाल कल्याण अधिकारीलाई तुरुन्त उजूरी दिने वा जानकारी गराउने छु ।

४ प्रचलित कानून बमोजिम हुनेछः-

यस मापदण्ड र आचारसंहितामा स्पष्ट रूपमा उल्लिखित भएका वाल संरक्षण सम्बन्धी व्यवस्थाका अतिरिक्त अन्य मापदण्ड तथा आचारसंहिताको हकमा प्रचलित कानून, नीति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बमोजिम हुनेछ । यस आचारसंहितामा लेखिएका सबै बुँदा पालना गर्न म प्रतिवद्ध छु भनी सहीछाप गरी एकप्रति परिषदमा बुझाएँ र अर्को एक प्रति आफूसँग सुरक्षित रूपमा राखें ।

हस्ताक्षरः
नामथरः
पद वा जिम्मेवारीः
कार्यरत निकाय वा संस्थाको नामः
मितिः

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधीकृत

नौगाड गाउँपालिकाको बाल संरक्षण मापदण्ड, २०८२